# छविसपाथिभेरा गाउँपालिकाको

## आर्थिक वर्ष २०८१।०८२ को



## वार्षिक प्रतिवेदन २०८१

## १. पृष्ठभुमी:

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट संघिय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ । संघीय व्यवस्था अनुसार नेपालमा संघ,प्रदेश र स्थानिय तहको गठन भएको छ, जसमा बझाङ्ग जिल्लामा १२ वटा स्थानिय तहको गठन भएको छ । भौगोलिक रुपमा हिमाली जिल्लाको मध्यभागमा अबस्थित ११६.३ बर्ग कि.मि.को बिशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको जनसंख्या १४४७४ रहेको छ । यस गाउँपालिकामा कुल खेती गरिएको जमिन २७३८ हेक्टर रहेको छ भने खेत ५९६ र पाखो २१४२ हेक्टर रहेको छ । गाउँपालिकाको प्रोफाइल तयारको क्रममा लिइएको तथ्याङ्क अनुसार पालिका भरि ३२०० घरधुरीहरु रहेका छन् । स्थानिय बासीहरुलाइ सर्बसुलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाइ जम्मा ७ वटा वडामा बिभाजन गरिएको छ। पूर्बमा जयपृथ्वि नगरपालिका पश्चिममा दुर्गाथली गाउँपालिका उत्तरमा सुर्मा गाउँपालिका र बुङ्गल नगरपालिका र दक्षिणमा थलारा गाउँपालिका रहेका छन् ।

स्थानिय तहमा प्राप्त हुने बजेट कार्यान्वयनको प्रक्रिया,गाउँपालिकाबाट प्रबाह हुने सेवाको स्तर,सर्बसाधारणमा सेवाको पहुँच र सहजता,बित्तिय सुशासनका लागि आर्थिक पारदर्शिता, सेवा प्रबाहको गुणस्तर,दिगोपना कायम गर्दै सरकारले जनता प्रति उत्तरदायि हुँदै जिम्मेवारी बोध गराउन आ.व.२०८१।०८२ मा सम्पादन गरेका सम्पूर्ण कार्यहरुको यथार्थ प्रतिवेदन तयार गरी जनतालाई सुसूचित गर्न यो सार्बजनिक सुनुवाइ कार्यक्रम गर्न लागिएको हो।

### २. उदेश्यहरु

- ❖ स्थानिय सरकार संञ्चालन ऐन २०७४ प्रयोजनार्थ।
- ❖ सूचनाको हक २०६४ को कार्यान्वयन गर्न
- ❖ सरकारले बार्षिक रुपमा सम्पादन गरेका कार्यहरु जनतामाझ पुर्याउन ।
- ❖ चालु आ.ब.मा सम्पादन भएका कार्यहरुको उपलब्धि अध्ययन गर्न

### ३. आ.ब.०८१/०८२ मा गाउँपालिकाको आन्तरिक राजस्व

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद ९ को दफा ५४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका कर लगाउन पाउने ब्यवस्था बमोजिम दफा ५५ देखि ६२ सम्मका सम्पति कर, मालपोत, घरजग्गा बहाल कर, ब्यवसाय कर ,बहाल विरौटी शुल्क, पार्किङ शुल्क ,जडिबुटी ,कवाडी र जिवजन्तु कर ,सेवा शुल्क, नदिजन्य पदार्थ लगायतका कर उठाउन सक्ने ब्यबस्था रहेको छ । सोही बमोजिम यस गाउँपालिकाले पनि करहरुको आर्थिक ऐनमा उल्लेख भए बमोजिमको शुल्क उठाउने गरेको छ ।

| गा.पा/वडा गत | राजस्व असुली रकम | कैफियत |
|---|---|---|
| १. | ११५८९७.२५ | |
| २. | १२९९५२.४१ | |

| | | | |
|---|---|---|---|
| ३. | १६५५२९.१८ | | |
| ४. | १७१८५५.८० | | |
| ५. | १९०३७१.६८ | | |
| ६. | १९९१८९.७० | | |
| ७. | २७६०७४.३१ | | |
| गाउँपालिका राजस्व शाखामा संकलन भएको राजस्व १४९३४५० | | | |
| | जम्मा ३४२७७९८.५८ | | |
| अक्षेरुपी चौतिस लाख सत्ताइस हजार सात सय अन्ठानब्बे रुपियाँ अन्ठाउन्न पैसा मात्र | | | |

**४. न्याय कानुन तथा मानबअधिकार प्रवर्ध्दन शाखा (न्यायिक समिती)**

नेपालको संबिधानको धारा २१७ मा ब्यवस्था भए बमोजिम र स्थानीय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा स्थानीय तहमा एक न्यायीक समिति रहने ब्यवस्था छ। सो ऐनको दफा ४७ मा न्यायीक समितिलाई आफ्नो अधिकार क्षेत्र भित्रका बिबाद निरुपण गर्ने अधिकार प्रदान गरेको छ। यस चालु आ.वमा ३ वटा मुद्धा दर्ता भइ फस्यौंट गरिएका छन्। साथै वडा न १ देखि ७ सम्मका मेलमिलापकर्त्ताहरुको सूचिकरण गरि सबै वडाहरुमा अभिमुखिकरण कार्यक्रम संञ्चालन गरियो।

**५. सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा**

संघ र प्रदेशको कानुनको अधिनमा रही यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने जेष्ठ नागरिक, एकल महिला, अपाङगता भएका ब्यक्तीहरु, दलित बालबालिकाको लगत राखि सामाजिक सुरक्षा भत्ता वितरण तथा ब्यबस्थापन गर्ने कार्य सामाजिक सुरक्षा शाखा अन्तरगत पर्दछ।

यस आ. व. मा रु ९७०७०८९७(नौ करोड सत्तरी लाख सात हजार आठ सय सत्तानब्बे मात्र) सामाजिक सुरक्षा बापतको रकम वितरण गरेको छ।

**सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण**

| अन्य जेष्ठ नागरिक भत्ता पाउने संख्या | जेष्ठ नागरिक भत्ता दलित संख्या | जेष्ठ नागरिक एकल महिला संख्या | विधवा संख्या आर्थिक सहायता | क वर्ग | ख वर्ग | क्षेत्र तोकिएका बालबालिका संख्या | दलित बालबालिका संख्या | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ११०१ | १५४ | १२५ | ३४५ | ५० | ८१ | १३२१ | २२२ | ३३९९ |

**यस आ.व. २०८१।०८२ मा व्यक्तिगत घटना दर्ताको विवरण यस प्रकारको छ।**

| जन्म | | मृत्यु | | सम्बन्ध विच्छेद | विवाह | बसाईसराई | |
|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | पुरुष | महिला | | | आएको | गएको |
| ३४१ | २५१ | ५८ | ४१ | २ | १३२ | ५ | ६१ |

## ६. योजना तथा पूर्वाधार शाखाको बार्षिक प्रगति विवरण

पूर्वाधार शाखा अन्तर्गत सडक, खानेपानी, सिचाई, विधुत लगायतका अन्य भौतिक संरचनाहरुको निर्माण तथा मर्मत सम्भार गर्ने कार्य पर्दछ । यस गाउँपालिकामा कतिपय विकासका कार्यक्रमहरु ठेक्का एवम शिलबन्दी दरभाउ तथा अमानतमा संञ्चालन गरिएका छन ।

आ.व. ०८१।०८२ मा यस गाउँपालिकाको योजना तथा पूर्वाधार शाखा मार्फत सम्पादित आयोजना तथा कार्यक्रमको एकिकृत भौतिक तथा वित्तिय प्रगतिको अवस्था देहाय बमोजिम रहेको छ ।

| सि न | गा.पा./ वडा | स्विकृत योजनाहरु | सम्पन्न योजनाहरु |
|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय योजनाहरु | ६२ | ६० |
| २ | वडा स्तरिय योजनाहरु | ११६ | ११३ |

### ६.१. गाउँपालिका तथा वडागत विनियोजित विभिन्न क्षेत्रगत योजनाहरु

| सि न | योजना क्षेत्र | संख्या | विनियोजित रकम | कै |
|---|---|---|---|---|
| १ | खानेपानी निर्माण तथा मर्मत | ३८ | ८१७५००० | |
| २ | सार्वजनिक स्थल/मठ मन्दिर निर्माण तथा मर्मत | ५९ | ११८००००० | |
| ३ | शैक्षिक क्षेत्र | १२ | २४५०००० | |
| ४ | सिचाई कुलो तथा टयाङ्की निर्माण तथा मर्मत | ४० | ७८१५००० | |
| ५ | पदमार्ग तथा बाटो निर्माण पि सि सि | ३५ | ९४५०००० | |
| ६ | सडक निर्माण तथा स्तरोन्नती | ६ | ५०५०००० | |
| ७ | लघुजल विधुत मर्मत | ६ | ३९५०००० | |

## ७. आर्थिक प्रशासन शाखा

आ.व. २०८१।०८२ को समग्र आर्थिक अवस्था देहाय बमोजिम रहेको छ ।

आ.ब.०८१/०८२ बित्तिय प्रगति बिबरण

| सि.नं. | स्रोत | आय अनुमान | आम्दानी | खर्च |
|---|---|---|---|---|
| १. | संघिय समानिकरण | १०.१०.००,००० | ९,२६,६६,००० | ९,२६,०६,००० |
| २. | सशर्त अनुदान | २६०६९३००० | २४५८८९००० | २२२५३८५६४ |
| ३. | बिशेष अनुदान | १५०००००० | १४८३९२७६ | १४८३९२७६ |
| ४. | राजस्व बाँडफाँड | ८२८००००० | ७४२९३००० | ७२३२६३६६ |

| | | | | |
|---|---|---|---|---|
| ५. | आन्तरिक आम्दानी | २५००००० | १६४०४०१ | २२५५६७४ |
| ६. | प्रदेश राजस्व बाँडफाँड | १२००००० | १२००००० | १२००००० |
| ७. | प्रदेश समानिकरण | ९०४६००० | ९०४६००० | ८५२६२४९ |
| ८. | आन्तरिक स्रोत | १७०००००० | १७०००००० | १७०००००० |

## ७.१.आ.ब.०८१/०८२ को क्षेत्रगत बजेट को बिबरण

| क्र.सं. | बिषयगत क्षेत्र | बिनियोजित रकम | खर्च रकम | खर्च % | कैफियत |
|---|---|---|---|---|---|
| १. | आर्थिक बिकास | ३३४४०००० | ३१५८६३९९ | ९४.४५ | |
| २. | पूर्बाधार बिकास | ८३३९०००० | ७८०९२९३२ | ९३.६४ | |
| ३. | सामाजिक बिकास | २७२०१३६४३ | २३५३७१९५२ | ८६.५३ | |
| ४. | संस्थागत तथा सुशासन | ८३४४००० | ८३२१६७५ | ९९.५६ | |
| ५. | कार्यालय संञ्चालन | १२१७०८००० | १०८२६२६२३ | ८८.९० | |
| ६. | बातावरण तथा बिपद | २०००००० | २०००००० | १०० | |

## ७.२.छबिसपाथिभेरा गाउँपालिकाको बित्तिय प्रगती

| सिन | खर्च प्रकार | बित्तिय प्रगती |
|---|---|---|
| १. | चालु खर्च | ८७.०१% |
| २. | पुँजीगत खर्च | ९४.५८% |
| | जम्मा | ९०.८०% |

## ८. गाउँपालिका द्धारा सम्पादन गरिएका अनुकरणीय कार्यहरु

१. आ.ब.०८०/०८१ मा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) बझाङ्ग जिल्लामा प्रथम र स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन (LISA) मा उत्कृष्ट अंक सहित बझाङ्ग जिल्ला द्धितिय हुन सफल भएको छ।
जसले छबिसपाथिभेरा गाउँपालिकाको आर्थिक पारदर्शिता बित्तिय सुशासन तथा सार्बजनिक सेवा प्रवाह का सूचकहरु सकारात्मक रहेको बुझाउँछ।

२. यस गाउँपालिकाका कृषकहरु ब्यबसायि कृषि उत्पादनमा लागेर आ.ब.०८१/०८२ मा वडा नं.५,६ र ७ बाट ३० मेट्रिक टन आलु मात्रै साथसाथै टमाटर,तरकारी,भाङ्गो,जौं निर्यात आत्मनिर्भरको खुड्किला तय भएको छ।

३. कृषकको उत्पादनलाई मुख्य राजमार्ग र आबश्यक परेमा चैनपुर सम्म पनि निशुल्क कृषि उपज ढुवानी गर्ने गरेको छ।

४. सामाजिक सुरक्षाका लाभग्राहीहरुलाइ बैङ्क खाता मार्फत भुक्तानी गर्ने नेपाल सरकारको निती रहेतापनि यस गाउँपालिकाको भौगोलिक बिकटताको कारणले सहजै बैङ्कमा आउन नसक्ने बस्तीहरु र नजिकैका वडाहरुका अशक्त, तथा जेष्ठनागरिकहरुलाइ घरआगनमै गएर सामाजिक सुरक्षा रकम उपलब्ध गराउने गरेको छ।

५. बालबालिका हरुमा बढ्दो मोबाइल फोनको प्रयोग र त्यसले निम्त्याएको बालबिवाह लाइ न्यूनिकरण गर्न बिध्यालयमा बालबिवाह न्यूनिकरणका लागि कार्यक्रम संञ्चालन गरेको।

६. बढ्दो बेरोजगारी र आकर्षित बैदेशिक रोजगारको कारणले प्रत्येक बर्ष युवाहरु बिदेश पलायन भइ रहेको बर्तमान परिप्रेक्ष्यमा स्थानिय स्तरमा रोजगारीको सृजना गर्न वडा न ७ मा अल्लोभाङ्गो तथा रेसाजन्य पदार्थ प्रशोधन सम्बन्धि तालिम संञ्चालन गरि तालिम भवन निर्माण गरिएको छ। जस्मा १९ जना सहभागी रहेका थिए।

७. बिभिन्न पशुपंन्छीहरुमा देखिने महामारी संक्रमण न्यूनिकरण गर्न पशुपन्छीहरुमा खोप हरु लगाउने कार्य गरेका छौं।

८. पालिका भित्रका टोल बस्तीहरुलाइ सडक संञ्जालमा जोड्नका लागि यस आ.व.मा १२ कि.मी. सडक निर्माण गरी संञ्चालनमा रहेका सबै मुख्य सडक र शाखा सडकहरुको स्तरोन्नती गरेका छौं।

९ . यस पालिकाको उर्वर भुमीको सदुपयोग गरी उत्पादन तथा उत्पादकत्व बृध्दि गर्ने हेतुले यस चालु आ.ब.मा १९९७ मिटर सिचाइ कुलो निर्माण गरेका छौं।

१०. यस गा.पा.को वडा नं.१,२,३,र ४ मा राष्ट्रिय प्रसारण लाईनबाट बिजुली बत्तीको पहुँच बिस्तार भइ वडा नं.३ र ५ को केही भुभाग सँगै वडा नं.६ मा समेत गरि करिब १००० घरधुरीमा १ महिना भित्र राष्ट्रिय लाईन विस्तार गरि बिजुली बाल्ने तयारीमा छौ।

११. राष्ट्रिय प्रसारण लाइन पुगेको बस्तीहरुमा फाइबर इन्टरनेट सेवा पनि बिस्तार भइ रहेको छ।

१२. संघिय सरकारको सशर्त अनुदान बाफतको रकम बाट २०१७ घरधुरी किसान सूचीकरण प्रणालीमा सूचीकृत भएका छन्।

१३. यस आ.व.मा यस गाउँपालिकाले ४ वटा ऐन र ४ वटा कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याएको छ।

१४. गाउँपालिका स्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संञ्चालन गरि उपाध्यक्ष प्रोत्साहान पुरस्कार स्वर्ण पदक प्राप्त २९ जना विधार्थीलाई नगद पुरस्कार वितरण तथा सम्मान गरियो।

१५. आधारभुत तह कक्षा ५ र ८ को अन्तिम परीक्षा पालिकास्तरमा व्यवस्थित र मर्यादित रुपमा संञ्चालन गरि प्रमाणीकरण गर्ने कार्य गरियो।

१६. ८ वटा स्वास्थ्य संस्थामा ग्रामिंण अल्ट्रासाउण्ड शिविर संञ्चालन गरि ११७ जना गर्भवति महिलाहरुको भिडियो एक्सरे गरि जटिल अवस्थामा रहेका ५ जनालाई रिफर गरियो।

१७. ४८ जना गर्भवति तथा सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइयो।

१८. ६ जना स्वास्थ्यकर्मिहरुलाई ८ दिने इम्प्लान्ट तालिम संञ्चालन गरियो।

१९. अध्यक्ष जेष्ठ नागरिक कार्यक्रमबाट २७५० जनाको स्वास्थ्य चेकजाच, उपचार,औषधी वितरण परामर्श सेवा दिइएको छ।

२०. १९ जना आमा बुवा विहिन टुहुरा बालबालिकाहरुलाई माशिक रु ५००। का दरले बार्षिक रु ६०००। आर्थिक सहयोग गरियो।

२१.LACC परियोजनासंग साझेदारीमा ७ वटा आयोजनाहरु संञ्चालनमा रहेका छन । ३ वटा खानेपानी योजना जस्मा २८० घरधुरीहरुलाई एक घर एक धारा र ४ वटा सिचाई कुला/नहर निर्माणधिन अवस्थामा रहेका छन जस्को कुल लम्बाई ५७३० मिटर रहेको छ ।

२२.हेफर नेपाल परियोजनासंगको साझेदारीमा ४५ जनालाई बिउ सहयोग ,२३ जनालाई च्याउँ बिउ, ८४ जनालाई माउ बाख्रा ,१३ जनालाई बिउ बोका, ३१ जनालाई सुधारिएको खोर निर्माण सहयोग ,१० जनालाई तराजु ,३२ जनालाई टनेल र १२६ जनालाई क्यारेट सहयोग गरियो ।

२३. IDS NEPAL संगको साझेदारीका ४ वटा सामुदायिक विधालयमा भान्साघर निर्माण गरियो ।

२४. विभिन्न विपदमा परेका बाढी पहिरो अन्तर्गत ४६ जना, आगलागीमा ८ जना गरि ५४ जनालाई आर्थिक राहत वितरण गरियो ।

२५. प्रधानमन्त्री रोजगार कार्यक्रममा २१०० जनालाई सूचिकृत भई ७ वटा योजनाहरु सम्पन्न गरि ८८ जना कामदारबाट १०७० मिटर बाटो पि सि सि , १५०० मिटर घोरेटो बाटो, ३८०० मि बाटो सोइलिङ, ४८० मि रोड सोइलिङ गरियो ।

२६. यस आ.व.मा वडा नं ३ र वडा नं ६ मा वडा कार्यालयको प्रशासनीक भवन निर्माण कार्य सम्पन्न गरियो ।

२७. MPDS सेभ द चिल्डेन संगको समन्वयमा विपन्न,एकल,दलित घरपरिवारको साथै आर्थिकरुपले कमजोर अवस्था भएका ४०, वटा घर परिवारलाई शौचालय निर्माणकालागि सामाग्रीहरु उपलब्ध गराई ४० वटा शौचालय निर्माण गरियो ।

२८. यस आ.व. मा ५६ जना एकल विपन्न र आर्थिकरुपले कमजोर अवस्था भएकालाई न्यानो कपडा कम्बल वितरण गरियो ।

२९. २८ जना एकल विपन्न र आर्थिकरुपले कमजोर अवस्था भएका महिलाहरुलाई ५ दिने जिविकोपार्जन तालिम संञ्चालन गरियो ।

३०.भाडे बजार देखि गाउँपालिका केन्द्र जोड्ने सडकको निर्माण कार्य सुआरम्भ गरियो छ ।

३१. गाउँकार्यपालिकाको निर्णय अनुसार संघीय विशेष योजना अन्तर्गत जालेबगर देखि भाडेबजार सम्म सेती नदि तटबन्धन योजनाले वडा न १ को बस्ती बचाउ कार्य भएको छ ।

छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थ्यासी,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

धन्यवाद

प्रतिवेदक
संञ्जय कुमार यादव
नि.प्रमुख प्रशासकीय अधिकृत